धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक  जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६१/७०

प्रत्यूष
National Daily
राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाइबरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क २२ ◆ २०८३ साउन २२ गते शुक्रबार, Friday, August 7, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## महिला स्वास्थ्य स्वयंसेविकाको पहलपछि सुत्केरी अञ्जलीलाई राहत

*प्रत्यूष समाचारदाता*

धादिङबेशी । गजुरी गाउँपालिका-२, रातमाटेकी सुत्केरी अञ्जली तामाङको दयनीय अवस्था महिला स्वास्थ्य स्वयंसेविका कौशिला सेढाईंमार्फत सार्वजनिक भएपछि विभिन्न व्यक्ति तथा संस्थाबाट राहत सामग्री पुग्न थालेको छ ।

पाँच दिनकी सुत्केरी भेट्न पुगेकी सेढाईंले परिवारको कठिन अवस्था देखाउँदै सामाजिक सञ्जालमा भिडियो राखेकी थिइन् । त्यसपछि थप सूचना सङ्कलन गरी सञ्चारमाध्यममा समाचार प्रकाशन भएपछि सहयोगीहरूले अञ्जलीको परिवारलाई खाद्यान्न, कपडा, ओढ्छ्यान र अन्य आवश्यक सामग्री उपलब्ध गराएका हुन् । अञ्जलीका श्रीमान् पूर्णबहादुर तामाङ केही वर्षअघि ट्याक्टर दुर्घटनामा घाइते भएका थिए । खुट्टामा स्टिल राखिएका कारण नियमित श्रम गर्न कठिन भए पनि परिवारको दैनिक खर्च जुटाउन उनले ज्यालादारी गर्दै आएका छन् । परिवारका अनुसार पूर्णबहादुरसँग नागरिकता छैन भने उनका बाबुआमा दुवै जना बौद्धिक अपाङ्गता भएका व्यक्ति हुन् । परिवारसँग आफ्नो जग्गा र सुरक्षित आवाससमेत छैन ।

समाचार प्रकाशन भएको भोलिपल्ट स्थानीय तहका प्रतिनिधि चामल, दाल र अण्डालगायत सामग्री लिएर अञ्जलीको घर पुगेका थिए । बिहीबार टिम नेपालका प्रकाश कँडेलसहितको टोलीले अण्डा, भाँडाकुँडा, सुत्केरी तथा शिशुका कपडा, डसना, तन्ना, ओढ्ने कपडा र नगद सहयोग प्रदान गरेको छ ।

कँडेलले परिवारलाई आवश्यकताअनुसार कपडा तथा अन्य सहयोग निरन्तर उपलब्ध गराउने प्रतिबद्धता जनाए । भुइँमा सुत्दै आएकी अञ्जली सहयोगपछि डसना राखिएको खाटमा सुत्न पाएकी छन् ।

अञ्जलीले सुरक्षित आवास, श्रीमान्को उपचार तथा आत्मनिर्भर बन्न सीप र रोजगारीको आवश्यकता रहेको बताएकी छन् । सहयोग समन्वयको जिम्मेवारी स्थानीय शिक्षक सुस्मिता पाण्डे र महिला स्वास्थ्य स्वयंसेविका सेढाईंले लिएका छन् ।

## दिगो रोजगार प्रणाली निर्माणबारे छलफल

काठमाडौं । युवा, श्रम तथा रोजगार मन्त्रालयले रोजगारी सिर्जना गरी दिगो रोजगार प्रणाली निर्माणका सम्बन्धबारे छलफल गरेको छ ।

श्रममन्त्री यादव र पूर्वाधार विकासमन्त्री सुनील लम्सालको उपस्थिति मा नेपाल निर्माण व्यवसायी महासङ्घका पदाधिकारीबीच बिहीबार उक्त छलफल तथा भेटघाट भएको हो । छलफलबाट निर्माण क्षेत्रको वास्तविक मागमा आधारित जनशक्तिलाई सीपमूलक तालिम सञ्चालन गर्ने, तालिमप्राप्त जनशक्तिलाई रोजगारीका अवसरसँग आबद्ध गर्ने तथा रोजगारी सिर्जनाका लागि दुवै मन्त्रालय र निर्माण व्यवसायी महासङ्घबीच निरन्तर संवाद, समन्वय र सहकार्य गर्ने निर्णय गरिएको छ ।

छलफलमा दुवै मन्त्रालयका सचिव, निर्माण व्यवसायी महासङ्घ लगायत पदाधिकारीको उपस्थिति थियो ।

## जेनजी आन्दोलनका घाइतेको प्रभावकारीका लागि सरकारले आवश्यक प्रबन्ध र समन्वय गरिरहेको छः गृहमन्त्री गुरुङ

काठमाडौं । गृहमन्त्री सुधन गुरुङले जेनजी आन्दोलनका घाइतेको प्रभावकारीका लागि सरकारले आवश्यक प्रबन्ध र समन्वय गरिरहेको बताउनुभएको छ ।

बबरमहलस्थित 'घाइते जेनजी नेपाल' कार्यालयमा पुगेर बिहीबार गृहमन्त्री गुरुङले त्यसका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसँग कुराकानी भइरहेको बताउनुभयो । "अझै पनि हाम्रा भाइबहिनीहरु उपचारको प्रक्रियामा हुनुहुन्छ, उहाँहरुलाई सरकारले सक्दो सहयोग गर्नेछ", गृहमन्त्री गुरुङले भन्नुभयो । आफूले युवापुस्ताको प्रतिनिधित्व गरिरहेको जेनजी युवालाई अपहेलित गर्ने कार्य सैह्य नहुने स्पष्ट पार्नुभयो । आफू देश र जनताको भलो गर्ने उद्देश्यले राजनीतिमा आएको उल्लेख गर्दै उहाँले भन्नुभयो, "जे गर्नुछ



राम्रो गर्नुछ, त्योबाहेक न त मलाई कुर्सीको लोभ छ, न त मलाई शक्तिको घमण्ड छ ।" यसैबीच, भौतिक पूर्वाधारमन्त्री सुनील लम्सालले सङ्घीय सहरी विकास तथा भवन निर्माण कार्यालय परिसरमा स्थापना गरिएको सो कार्यालयको आज उद्घाटन गर्नुभएको हो ।

## खुला प्रिन्टिङ फाउन्ड्री स्थापनाबारे अन्तरराष्ट्रिय सम्मेलन

*प्रत्यूष समाचारदाता*

काठमाडौं । नेपालमा दिगो फ्लेक्सिबल इलेक्ट्रोनिक्स उत्पादनको आधार निर्माण गर्ने लक्ष्यसहित 'आर-टु-आर प्रिन्टिङ फाउन्ड्री प्लेटफर्मको सुरुआत' विषयक दुई दिने सम्मेलन बिहीबारदेखि सुरु भएको छ ।

विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय, काठमाडौं इन्जिनियरिङ कलेज (केइसी), आर-टु-आर प्रिन्टेड फ्लेक्सिबल कम्प्युटर विकासका लागि इन्जिनियरिङ अनुसन्धान केन्द्र, कोपिया र जेनेसिस आइटी सोलुसनको सहकार्यमा आज यहाँ आयोजित सम्मेलनमा आर-टु-आर प्रिन्टिङ प्रविधि र दिगो फ्लेक्सिबल इलेक्ट्रोनिक्स उत्पादनका विषयमा विश्वका अग्रणी अनुसन्धानकर्ता, शिक्षाविद् र उद्योग क्षेत्रका नवप्रवर्तक सहभागी भएका छन् ।

सम्मेलनमा अर्गानिक तथा प्रिन्टेड इलेक्ट्रोनिक्स, बायो-सेन्सर र बायो-इलेक्ट्रोनिक्स, उदीयमान इलेक्ट्रोनिक्स तथा बायोचिप्सका लागि दिगो उत्पादन तथा प्रिन्टेड इलेक्ट्रोनिक्सको व्यवसायीकरण लगायत विषयमा प्राविधिकसत्र सञ्चालन हुनेछन् । सम्मेलनको उद्घाटनसत्रमा काठमाडौं इन्जिनियरिङ कलेज (केइसी) का संस्थापक अध्यक्ष डा हीरेन्द्रमान प्रधानले फ्लेक्सिबल इलेक्ट्रोनिक्स प्रविधिले इलेक्ट्रोनिक उपकरण उत्पादनको स्वरूप परिवर्तन गर्न सक्ने बताउनुभयो ।

परम्परागत सिलिकन चिप वा कठोर सर्किट बोर्डको सट्टा पातलो प्लास्टिक फिल्ममा छापिने फ्लेक्सिबल इलेक्ट्रोनिक्स कम लागतमा ठूलो परिमाणमा उत्पादन गर्न सकिने उहाँको भनाइ थियो । उहाँले रोल-टु-रोल प्रिन्टिङ प्रविधिमार्फत समाचारपत्र छापेजस्तै निरन्तर प्रक्रियामा धातु र अर्धचालकयुक्त 'कार्यात्मक मसी' प्रयोग गरी इलेक्ट्रोनिक सर्किट, सेन्सर तथा डिस्प्ले उत्पादन गर्न सकिने जानकारी दिनुभयो । डा प्रधानका अनुसार विश्वव्यापी फ्लेक्सिबल इलेक्ट्रोनिक्स बजार हाल करिब ३० अर्बदेखि ४० अर्ब अमेरिकी डलर बराबरको रहेको र आगामी एक दशकभित्र ६५ अर्बदेखि ९० अर्ब डलरसम्म पुग्ने अनुमान गरिएको छ । 'फोल्ड' गर्न मिल्ने डिस्प्ले, स्वास्थ्य सेवामा प्रयोग हुने वेयरेबल उपकरण, अटोमोबाइल सेन्सर तथा ह्युमनोइड रोबोटको बढ्दो मागले यस क्षेत्रलाई तीव्र रूपमा विस्तार गरिरहेको उहाँले बताउनुभयो । स्टार्टअप तथा उद्योगले ठूलो लगानीबिनै फ्लेक्सिबल इलेक्ट्रोनिक्सका प्रोटोटाइप र उत्पादन विकास गर्नसक्ने उल्लेख गर्दै उहाँले यसले कृषि, स्वास्थ्य, वातावरण तथा स्मार्ट प्याकेजिङका लागि आवश्यक कम लागतका सेन्सर र उपकरण विकासमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । साथै, यसले नेपाली इन्जिनियरिङ प्रतिभालाई स्वदेशमै अवसर उपलब्ध गराउने र उच्च प्रविधिको स्वदेशी इकोसिस्टम निर्माणमा टेवा पुग्ने उहाँको भनाइ थियो ।

विश्वविद्यालयका प्रा सिजुओ तोकितो, दक्षिण कोरियाको सुङक्युङक्वान विश्वविद्यालयका प्रा ग्योजिन चो, अष्ट्रियाको जोआनियम रिसर्चकी निर्देशक डा बार्बरा स्टाडलोबर तथा दक्षिण कोरियाको जिओनबुक नेसनल विश्वविद्यालयका प्रा सुमान लिमलगायतले आफ्नो अनुसन्धान तथा अनुभव प्रस्तुत गर्ने कार्यक्रम छ ।

## करदाता प्रोत्साहन कार्यक्रमः शुक्रबार उपहार घोषणा गरिने

*प्रत्यूष समाचारदाता*

काठमाडौं । आन्तरिक राजस्व विभागले करदाता प्रोत्साहन उपहार कार्यक्रमको सम्पूर्ण प्राविधिक तयारी पूरा गरेको छ । बिहीबार विभागले अर्थमन्त्री डा स्वर्णिम वाग्लेलाई उपहार छनोट विधि र प्रणालीबारे जानकारीसमेत गराएको छ । सो क्रममा विभागका प्राविधिकहरूले नमुना उपहार छनोट विधि अर्थमन्त्री डा वाग्लेसमक्ष प्रस्तुत गरेका थिए । विभागका महानिर्देशक एवं सहसचिव डा भीष्मकुमार भुसालका अनुसार विभागले पहिलो उपहार कार्यक्रम शुक्रबार घोषणा गर्नेछ । उहाँका अनुसार यही साउन १ गतेदेखि १५ गतेसम्म अनलाइनमार्फत वस्तु तथा सेवा खरिद गरेका उपभोक्ता र नगदमा वस्तु तथा सेवाको कारोबार गरेर विभागको वेबसाइटमा भौतिक रूपमा बिल प्रविष्ट (अपलोड) गरेका उपभोक्ताका लागि शुक्रबार उपहार घोषणा गरिनेछ ।

साउन १ गतेदेखि १५ गतेसम्मको हरेक दिनको कारोबारको आधारमा १५ जनाले करकट्टी गरेर रु एक/एक लाख नगद उपहार पाउने छन् । त्यस्तै साउन १ गतेदेखि १५ गतेसम्म वस्तु तथा सेवा खरिद गरेका सबै उपभोक्ताका लागि एउटा बम्पर उपहार घोषणा हुनेछ । जसमा एक जनाले रु १० लाख नगद जित्ने जनाउँदै महानिर्देशक भुसालले यो पुरस्कार रकममा भने कर लाग्ने उल्लेख गर्नुभयो ।

अर्थमन्त्री डा वाग्ले आर्थिक वर्ष २०८३/८४ को बजेटमा करदातालाई प्रोत्साहन गर्न उपहार कार्यक्रम सञ्चालन गर्ने घोषणा गर्नुभएको थियो । करदाता प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि अनुसार अबदेखि हरेक महिनाको १६ गते ( १ देखि १५ गतेसम्मको) र महिनाको अन्तिम दिन (१६ गतेदेखि बाँकी दिनको) वस्तु तथा सेवा खरिद गर्ने उपभोक्ताका लागि उपहार घोषणा गरिनेछ ।

## लागुऔषधसहित मुलुकका विभिन्न स्थानबाट २७ जना पक्राउ

काठमाडौं । प्रहरीले लागुऔषधसहित मुलुकका विभिन्न स्थानबाट २७ जनालाई पक्राउ गरी सार्वजनिक गरेको छ । सम्बन्धित जिल्ला प्रहरी कार्यालयबाट खटिएको टोलीले काठमाडौं, नवलपरासी पूर्व, सिन्धुली, सुनसरी, झापा, कास्की, भक्तपुर, मोरङ, तनहुँ, बझाङ, बाँके र चितवनबाट लागुऔषधसहित २७ जनालाई पक्राउ गरेको हो ।

काठमाडौंको महानगरपालिका-१६ बाइपास बस्ने ५३ वर्षीया शान्ती नगरकोटीलाई नियन्त्रित लागुऔषध डाइजेपाम १७ एम्पुल, बुप्रेनोर्फिन १७ एम्पुल, प्रमोथाजाइन १७ एम्पुल र रु दुई लाख २६ हजार ८५० सहित बुधबार साँझ प्रहरीले पक्राउ गरेको छ ।

नवलपरासीपूर्वको देवचुली नगरपालिका-२ सिजी अगाडि अङ्कित रेष्टुरेन्ट एण्ड लजबाट नियन्त्रित लागुऔषध डाइजेपाम ४१ एम्पुल, बुप्रेनोर्फिन ४० एम्पुल र फेनारगन ३९ एम्पुलसहित दुई, सिन्धुलीको दुधौली नगरपालिका-९ श्रीमन पेट्रोपम्प नजिकबाट खैरो हेरोइन जस्तो देखिने पदार्थ करिब ४४ ग्राम ३४० मिलिग्रामसहित तीन जनालाई प्रहरीले पक्राउ गरेको छ । सुनसरीको धरान उपमहानगरपालिका-१६ बाट पाँच, दुहबी नगरपालिका-५ फुटबल चोकबाट एक र इटहरी उपमहानगरपालिका-५ जन्ताबस्तीबाट एक जना पक्राउ परेका नेपाल प्रहरीको केन्द्रीय समाचार कक्षले जनाएको छ ।

झापाको मेचीनगर नगरपालिका-६ पुरानो मेचीपुलबाट खैरो हेरोइनजस्तो देखिने पदार्थ दुई ग्राम ४९० मिलिग्रामसहित इलाम सुर्योदय नगरपालिका-४ का २६ वर्षीय सलमान थापालाई प्रहरीले पक्राउ गरेको छ ।

कास्कीको पोखरा महानगरपालिका-८ सृजनाचोकस्थित मण्डल खाजा घरबाट खैरो हेरोइन जस्तो देखिने पदार्थ करिब १४५ ग्राम २७० मिलिग्राम र डिजिटल तराजु एक थानसहित ४० वर्षीय चन्देश्वर महतोलाई प्रहरीले पक्राउ गरेको छ । भक्तपुरको सूर्यविनायक नगरपालिका-५ सल्लाघारीबाट नियन्त्रित लागुऔषधसहित भक्तपुर नगरपालिका-९ च्यामासिंह बस्ने २२ वर्षीय रीतिक प्रजापतिलाई प्रहरीले पक्राउ गरेको छ । मोरङको विराटनगर महानगरपालिका-१६ दरैयाबाट खैरो हेरोइन जस्तो देखिने पदार्थ तीन ग्राम ८४० मिलिग्रामसहित बेलबारी नगरपालिका-१ बस्ने ३१ वर्षीय अजय साही, धनपालथान गाउँपालिका-२ भवानीपुरस्थित बारीबाट २७ वर्षीय सुमनकुमार साह र २७ वर्षीय अमर साहलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । यसैगरी, मोरङको विराटनगर महानगरपालिका-१५ स्थित एक नम्बर ढाँटबाट खैरो हेरोइन जस्तो देखिने पदार्थ १० ग्राम ९४० मिलिग्रामसहित लेटाङ नगरपालिका-२ बस्ने २५ वर्षीय विकास भुजेलसहित दुई, तनहुँको म्याग्दे गाउँपालिका-२ जामुनेबाट दुई, बझाङको जयपृथ्वी नगरपालिका-११ धामीलेखबाट एक, बाँकेको नेपालगञ्ज उपमहानगर पालिका-१० ट्राफिक चोकबाट एक र चितवनको इच्छाकामना गाउँपालिका-५ मुग्लिङ बजारबाट दुई जनालाई प्रहरीले पक्राउ गरेको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## सम्पादकीय ....

# सुशासन अनिवार्य आवश्यकता

नागरिक सन्तुष्टि सार्वजनिक निकायले प्रवाह गर्ने सेवा, उपलब्ध गराउने सुविधा र देखाउने मानवीय व्यवहारप्रति आमजनताको मनमा उब्जिने एउटा सकारात्मक अनुभूति र पवित्र धारणा हो । यो सरकारप्रतिको जनविश्वास मापन गर्ने एउटा गतिलो कसी हो । नागरिकले राज्यलाई आफ्नो रगत र पसिनाको कर बुझाएका हुन्छन् र त्यसको न्यायोचित बदलामा गुणस्तरीय सार्वजनिक सेवा, सुरक्षा र आत्मसम्मानको अपेक्षा राख्छन् । जब राज्यले प्रदान गर्ने सेवाको स्तर र गति नागरिकको न्यूनतम आकांक्षाभन्दा माथि पुग्छ तब समाजमा नागरिक सन्तुष्टिको उदय हुन्छ । सेवाको गुणस्तर र त्यसको सर्वसुलभ उपलब्धता, सेवा प्राप्त गर्न लाग्ने समय र न्यूनतम लागत, राष्ट्रसेवक कर्मचारीको शिष्ट, मर्यादित र मानवीय व्यवहार तथा सेवा प्रवाहमा हुने प्रशासनिक ढिलासुस्ती र झन्झटको पूर्ण अन्त्य नै नागरिक सन्तुष्टि मापन गर्ने प्रमुख मानक हुन् ।

सुशासन एउटा निरन्तर चलिरहने गतिशील साधन हो भने नागरिक सन्तुष्टि त्यसको पवित्र साध्य र अभीष्ट हो । सुशासन राज्यको अमूल्य स्रोत, साधन र सार्वभौम शक्तिको न्यायोचित, पारदर्शी, जनमुखी र उत्तरदायी परिचालन गर्ने एउटा विशिष्ट पद्धति हो । सुशासन सन् १९९० को दशकमा विश्व बैङ्किङ अवधारणाबाट वैध र लोकप्रियता पाएको छ । यस व्यवस्थाभित्र निर्णय प्रक्रियामा आमविपन्न र पिछडिएका नागरिकको अर्थपूर्ण र सुनिश्चित सहभागिता हुनु पहिलो सर्त हो ।

सुशासन र नागरिक सन्तुष्टिबिच एउटा गहिरो सम्बन्ध रहिआएको छ । जहाँ सुशासनको जग बलियो र कसिलो हुन्छ, त्यहाँ नागरिक सन्तुष्टिको महल स्वतः ठडिन्छ । जब सरकारी निकायले आफ्ना सम्पूर्ण आम्दानी, खर्च र नीतिगत निर्णय नागरिकसामु पारदर्शी रूपमा खुला राख्छन् तब राज्यप्रतिको भ्रम र अविश्वासको कुइरो हट्छ । खुला सरकारको यो सुन्दर अवधारणाले नागरिक र सिंहदरबारबिचको भौतिक तथा मानसिक दुरीलाई घटाएर आत्मिक सामीप्य बढाउँछ, जसले अन्ततः नागरिक सन्तुष्टिको पारोलाई माथि पुर्‍याउँछ । सुशासनले भ्रष्टाचार र अनियमितताप्रति शून्य सहनशीलताको कठोर नीति अङ्गीकार गर्छ । कर्मचारी र जनप्रतिनिधि राज्य र जनताप्रति उत्तरदायी बन्दा समाजबाट बिचौलिया र घुसखोरीको अन्त्य हुन्छ । बिनाकुनै अतिरिक्त दस्तुर र बिनाकुनै भनसुनमै सहजै काम हुने वातावरणले नागरिकलाई गहिरो मानसिक सुख र सन्तुष्टि प्रदान गर्दछ । यसै गरी प्रविधिको द्रुत विकाससँगै सुशासनले डिजिटल गभर्नेन्सको आधुनिक रूप धारण गरेको छ ।

आज घरमै बसेर अनलाइनको माध्यमबाट राहदानी, मालपोत, यातायात र नागरिकतासम्बन्धी सेवा प्राप्त हुँदा नागरिकको अमूल्य समय र पैसा दुवै बचत भएको छ । विधिको शासनले धनी र गरिब कसैलाई काखा र पाखा नगरी समान न्याय सुनिश्चित गर्दछ । राज्यका ठुलासाना योजनामा विपन्न, महिला, दलित र अल्पसंख्यक वर्गको अर्थपूर्ण सहभागिता हुँदा समाजमा सामाजिक न्यायको शीतल गन्ध फैलाउँछ । यसले राज्यप्रति नागरिकको स्वामित्व र सन्तुष्टिको भावलाई अझ प्रगाढ बनाउँछ ।

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "**प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

# उपभोक्ता संरक्षण ऐन र चिकित्सा क्षेत्रमा देखिएको चुनौती

*डा विश्वराज दवाडी*

नेपालको संविधानको धारा ३५ ले प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँच र आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने अधिकारलाई मौलिक हकका रूपमा ग्यारेन्टी गरेको छ ।

संविधानले स्वास्थ्यलाई राज्यको एक अभिन्न दायित्व र अत्यावश्यक मानवीय सेवाका रूपमा स्वीकार गरेको छ तर पछिल्लो समय उपभोक्ता संरक्षण ऐन, २०७५ अन्तर्गत स्वास्थ्य सेवा र चिकित्सकहरूलाई पनि व्यापारिक वस्तु वा सामान बिक्री गर्ने विक्रेता सरह राखी उपभोक्ता अदालतको दायरामा ल्याइएको छ । यसले गर्दा नेपालको सम्पूर्ण स्वास्थ्य प्रणालीमा गम्भीर र नकारात्मक असरहरू देखिन थालेका छन् ।

उपभोक्ता अदालतको बढ्दो हस्तक्षेप

हालै उपभोक्ता अदालतले एभरेस्ट अस्पताल र एक स्त्री तथा प्रसूति रोग विशेषज्ञलाई रु ३९ लाख क्षतिपूर्ति तिराउने फैसला गरेको छ । फैसलामा अस्पताललाई ३० लाख र डाक्टरलाई रु नौ लाख जरिवाना तोकिएको छ । प्रसूतिको क्रममा 'प्रि-एक्लेम्पसिया' (उच्च रक्तचाप) को जटिलतामा औषधि व्यवस्थापन तथा मेडिकल प्रोटोकल पालना नभएको ठहर गर्दै अदालतले उक्त आदेश दिएको हो ।

यसअघि पनि उपभोक्ता अदालतले हिमाल हस्पिटल र चिकित्सकलाई रु एक करोड ४५ लाख र ओम हस्पिटललाई रु ५६ लाखभन्दा बढी क्षतिपूर्ति तिराउने फैसला गरिसकेको छ । एक ९८ वर्षीय बिरामीको प्राथमिक उपचार र डिस्चार्जका क्रममा लापर्वाही भएको भन्दै अदालतले ओम हस्पिटललाई ८० प्रतिशत (रु ५० लाख ७० हजार) र उपचारमा संलग्न दुई डाक्टरलाई १०/१० प्रतिशत (प्रतिडाक्टर रु तीन लाख पाँच हजारका दरले) क्षतिपूर्ति तिराउने निर्णय गर्‍यो ।

कुनै पनि बिरामीको ज्यान जानु अत्यन्तै दुःखद् विषय हो र पीडितले न्याय पाउनैपर्छ तर मेडिकल विज्ञानको जटिलता, आकस्मिक अवस्था र बिरामीको शारीरिक प्रतिक्रियालाई गैर-मेडिकल प्रशासनिक न्यायाधीशहरूले व्यापारिक ऐनको कसीबाट मूल्याङ्कन गर्दा समग्र चिकित्सा क्षेत्रमा त्रासको वातावरण सिर्जना भएको छ ।

स्वास्थ्य सेवा व्यापार होइन

व्यापारिक क्षेत्रमा 'ग्राहक' र 'विक्रेता' बीचको सम्बन्ध नाफा-घाटा र वस्तुको खरीद-बिक्रीमा आधारित हुन्छ । यदि तपाईंले बजारबाट कुनै सामान वा टिभी किन्नुभयो र त्यो बिग्रियो भने त्यसलाई फेर्न वा क्षतिपूर्ति माग्न सकिन्छ, किनकि त्यो निर्जीव वस्तु हो । तर चिकित्सक र बिरामीको सम्बन्ध नाफाको व्यापार होइन । यो आस्था, मानवीय संवेदनशीलता र नैतिक उत्तरदायित्वमा टिकेको हुन्छ । कुनै पनि चिकित्सकले बिरामीलाई जानीजानी हानि पुर्‍याउने नियत राख्दैन ।

मानव शरीर कुनै कलकारखानामा बनेको मेसिन होइन, जहाँ एउटै नियम वा औषधि सबैलाई समान रूपमा लागू होस् । प्रत्येक व्यक्तिको शारीरिक बनावट, रोग प्रतिरोधात्मक क्षमता र तत्कालीन अवस्था फरक-फरक हुन्छ । त्यसैले स्वास्थ्योपचारलाई अन्य व्यापारिक सेवासँग तुलना गरेर 'उपभोक्ता ऐन' को घेरामा राख्नु कानुनी र व्यावहारिक दुवै दृष्टिले गलत छ ।

उपभोक्ता ऐनको त्रास

जब स्वास्थ्य सेवालाई उपभोक्ता ऐनमा राखियो र डाक्टरहरू माथि करोडौँ रुपैयाँ क्षतिपूर्तिको मुद्दा पर्न थाल्यो, त्यसको प्रत्यक्ष दुष्परिणाम बिरामीहरूले नै भोग्नुपरिरहेको छ । डाक्टरहरूमा कानुनी झमेला र करोडौँ क्षतिपूर्तिको त्रास सिर्जना भएकाले नेपालमा 'डिफेन्सिभ मेडिसिन' को विभिन्न खालका विकृतिहरु भित्रिएका छन् । जटिल वा गम्भीर अवस्थाका बिरामी अस्पताल आउँदा कानूनी झमेला र उपभोक्ता अदालतको डरले डाक्टरहरूले जोखिम मोलेर उपचार गर्नुको सट्टा अन्यत्र रिफर' गर्ने वा हात हाल्न नमान्ने प्रवृत्ति बढेको छ । यसले गर्दा आपत्कालीन अवस्थाका धेरै बिरामीहरूले समयमा उपचार नपाई अकालमै ज्यान गुमाउनुपर्ने अवस्था सिर्जना भएको छ । त्यति मात्र होइन, अनावश्यक परीक्षण र महँगो उपचारको अवस्था पनि सिर्जना भएको छ । कानुनी बचाउका लागि डाक्टरहरूले सानो शङ्का लाग्दा पनि बिरामीलाई धेरै किसिमका महँगा सिटी स्क्यान, एमआरआई र अनावश्यक प्रयोगशाला परीक्षणहरू गराउन बाध्य हुनु परेको छ । यसको प्रत्यक्ष आर्थिक भार अन्ततः गरिब तथा विपन्न बिरामीकै खल्तीमा परेको छ ।

अन्तरराष्ट्रिय अनुभवबाट सिक्नुपर्ने पाठ

दक्षिण एसियाली तथा पश्चिमी देशहरूको अनुभवले पनि स्वास्थ्यलाई उपभोक्ता ऐनमा राख्दा उल्टै सर्वसाधारणलाई नोक्सान पुगेको देखाउँछ । भारतमा सन् १९९५ पछि स्वास्थ्य सेवालाई उपभोक्ता ऐनभित्र समावेश गरियो । त्यसपछि अदालतमा लाखौँ मुद्दाहरू थुप्रिए, डाक्टरहरूले बचाउत्मक उपचार गर्न थाले र भारतमा उपचार खर्च तीव्र रूपमा महँगियो ।

अमेरिका र पश्चिमी देशहरूमा पनि भएका अभ्यासहरुबाट पनि धेरै कुराहरु सिक्नुपर्ने हुन्छ । अमेरिकामा 'मेडिकल मालप्राक्टिस' सम्बन्धी कडा कानुन र अर्बौं डलर क्षतिपूर्ति तोक्ने प्रणाली छ । यसले गर्दा डाक्टरहरूले तिर्नुपर्ने बीमा को प्रिमियम अत्यधिक महँगो छ, जसले गर्दा अमेरिकामा उपचार विश्वकै सबैभन्दा महँगो बनेको छ । नेपालजस्तो विकासोन्मुख देशले यस्तो महँगो प्रणाली धान्न सक्दैन ।

वास्तविक समाधान के हो त ?

स्वास्थ्य सेवालाई उपभोक्ता ऐनबाट हटाउनुको अर्थ डाक्टरहरूलाई मनपरी गर्न दिनु वा उन्मुक्ति दिनु पटक्कै होइन । यदि कुनै डाक्टरले गम्भीर लापर्वाही गर्छ भने उसलाई कारबाही हुनैपर्छ र पीडित बिरामीले न्याय पाउनैपर्छ तर त्यसका लागि व्यापारिक अदालत होइन, विशेषज्ञ निकाय हुनुपर्छ । यसका लागि नेपाल मेडिकल काउन्सिलभित्र 'मेडिको-लिगल ट्रिब्युनल' गठन गर्न सकिन्छ । काउन्सिलभित्र पूर्व न्यायाधीशको अध्यक्षतामा विषयगत विशेषज्ञ डाक्टरहरू, उपभोक्ता अधिकारकर्मी र बायोएथिस्टहरू रहेको छुट्टै न्यायपीठ बनाइनुपर्छ । यसले उपचारमा 'प्रक्रियागत त्रुटि' वा 'बदनियत' थियो कि थिएन भन्ने वैज्ञानिक छानबिन गर्छ ।

त्यस्तै डाक्टर र अस्पतालहरूका लागि अनिवार्य पेसागत बिमाको व्यवस्था गरिनुपर्छ । यदि ट्रिब्युनलले उपचारमा त्रुटि भएको ठहर गरेमा क्षतिपूर्तिको रकम डाक्टरको व्यक्तिगत सम्पत्ति वा खल्तीबाट नभई बीमा कम्पनीको कोष बाट पीडित बिरामीलाई तत्काल उपलब्ध गराइन्छ । स्वास्थ्य सेवा कुनै व्यापारिक कारोबार होइन; यो नागरिकको जीवनसँग जोडिएको संवेदनशीलता हो । यदि हामीले स्वास्थ्य सेवालाई व्यापार र बिरामीलाई केवल 'ग्राहक' का रूपमा हेरिरह्यौँ भने डाक्टरहरू बचाउत्मक मोडमा जानेछन्, उपचार प्रक्रिया झन् महँगो र झन्झटिल हुनेछ, र जटिल बिरामीहरूले समयमा उपचार नपाई अकालमै ज्यान गुमाउनु पर्नेछ । त्यसैले आम नागरिकको हित, डाक्टरहरूको सुरक्षा र देशको स्वास्थ्य प्रणालीलाई जोगाउनका लागि उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा २ (ध) संशोधन गरी स्वास्थ्य सेवालाई यो ऐनबाट पूर्ण रूपमा अलग गरिनुपर्छ । स्वास्थ्य क्षेत्रलाई बचाउनु भनेको अन्ततः आम नागरिककै जीवन र स्वास्थ्यको रक्षा गर्नु हो । (लेखक नेपाल मेडिकल एसोसिएसनका महासचिव हुनुहुन्छ)

# अब दुई घण्टामा नारायणगढदेखि बुटवल

चितवन । निर्माण सुरु गरेको झण्डै सात वर्षको अवधिमा निकै दुःख दिएको नारायणगढ-बुटवल सडकखण्ड यतिबेला निकै सहज बनेको छ । नारायणगढबाट बुटवल पुग्न सामान्यतया दुई घण्टा मात्रै लाग्ने गरेको छ । त्यसो त कतिपय निजी सवारी चालकहरु एक घण्टा ३० मिनेटमा यो सडक पार गरेको बताउँछन् ।

गत वर्षमा दाउन्नेको सडकका कारण कतिपयले यही सडकमा रात बिताउनु परेको थियो । वर्षा र चाडपर्वको बेला पूर्वपश्चिम यात्रा गर्नुपर्ने कतिपय पर्वमा घर जान समेत नसकेको पीडा छ । यहाँका ग्याँस उद्योगी विमल कालाखेती गत साता एक घण्टा ३० मिनेटमा बुटवलबाट नारायणगढ अनुभव सुनाउनुहुन्छ । सडक सहज र कतै अवरोध नभएको उहाँको भनाइ छ ।

रुपन्देहीको तिलोत्तमा नगरपालिका-४ का उद्योगी प्रकाश आचार्य नारायणगढबाट एक घण्टा ५० मिनेटमा घरमा नै पुगेको बताउनुहुन्छ । उहाँले भन्नुभयो, "परिवारसहित निजी सवारीमा आउँदा निकै छिटो आइयो । विगतका सबै दुःख अहिले सडकले बिर्साएको छ ।" विगतमा यात्रा गर्दा दाउन्नेमा लामो जाममा पर्ने गरेको स्मरण गर्दै आचार्यले भन्नुभयो, "नारायणगढबाट साँझ ६ बजे हिँडेर भोलि पल्ट बिहान १०:०० बजे घर पुगेको थिएँ ।" यसरी धेरै पटक दुःख पाएको उहाँले बताउनुभयो । अहिले सडक फराकिलो र निकै गुणस्तरीय भएको उहाँको भनाइ छ ।

बुधबार बुटवलबाट दुई घण्टामा नारायगढ आइपुग्नु भएका सञ्चारकर्मी प्रकाश ज्ञवालीले विगतमा यही सडक १२ घण्टाभन्दा बढी समय लगाएर पार गरेको बताउनुभयो । रुपन्देहीको सैनामैनामा बुबा आमासँग दसैं मान्न परिवार सहित भरतपुरबाट जाँदा १२ घण्टा सडकमै बिताएको उहाँले स्मरण गर्नुभयो । उहाँले भन्नुभयो, "झण्डै सात वर्ष हामीले पीडादायी यात्रा सडकमा भोग्यौँ, हिजो म दुई घण्टामा बुटवलबाट नारायणगढ आइपुगेँ ।" भरतपुरका एक कर्मचारी आफ्नो निजी गाडीमा नारायणगढबाट एक घण्टा ४४ मिनेटमा बुटवलको चौराहा चोक पुगेको बताउनुहुन्छ ।

## स्वच्छ शहर: स्वस्थ्य शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट विरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं ।

शहरलाई सफा राखौ : सुन्दर बनाऔं ।

नेपाल सरकार,
विज्ञापन वोर्ड

## गेटामा यही शैक्षिकसत्रदेखि तीन सय शैयाको शिक्षण अस्पताल सञ्चालन

सुदूरपश्चिम । सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयले यसै शैक्षिकसत्रमा ३०० शयाको शिक्षण अस्पताल सञ्चालन हुने जनाएको छ । उपकुलपति प्रा डा सुनिलकुमार जोशीले बिहीबार कुरा गर्दै हाल सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणबमोजिमका काम धमाधम भइरहेकाले एक महिनाभित्र गेटामा तीन सय शय्याको शिक्षण अस्पताल सञ्चालनका लागि आवश्यक उपकरण, शैक्षिक जनशक्ति नियुक्ति नियुक्तिलगायतका काम करिब अन्तिम चरणमा रहेको बताउनुभयो ।

“यसै शैक्षिकसत्रमा चिकित्सा शिक्षाका विभिन्न कार्यक्रम सञ्चालनका लागि मन्त्रिपरिषद्ले स्वीकृति दिइसकेको छ । त्यसअनुसार आवश्यक बजेट व्यवस्थापन भई अन्य सैद्धान्तिक तथा प्राविधिक प्रक्रिया पनि अगाडि बढिसकेका छन्”, उहाँले भन्नुभयो ।

प्रा डा जोशीले सुदूरपश्चिम प्रदेश सरकारबाट आज चार वटा प्रादेशिक अस्पताललाई शिक्षण अस्पतालका रूपमा प्रयोग गर्न दिने गरी भएको निर्णयको स्वागत गर्नुभएको छ । प्रदेश सरकारको निर्णयले सहकार्यको दायरा विस्तार गर्न महत्त्वपूर्ण टेवा पुग्ने उहाँको विश्वास छ ।

प्रदेश सरकार मन्त्रिपरिषद्को आज बिहान बसेको बैठकले कैलालीको सेती, लम्कीचुहा र टीकापुर तथा कञ्चनपुरको महाकाली प्रादेशिक अस्पताललाई शिक्षण अस्पतालका रूपमा प्रयोग गर्न दिने निर्णय गरेको थियो । उपकुलपति प्रा डा जोशीले स्वास्थ्य विज्ञान विश्वविद्यालय ऐनबमोजिम आवश्यकताअनुसार तीनै तहका सरकारको स्वामित्वमा रहेका अस्पतालसँग सहकार्य गर्न सकिने र आजको निर्णयले त्यसमा सघाउ पुगेको बताउनुभयो ।

विश्वविद्यालयमा शिक्षण कार्य सुरु भएमा विद्यार्थीको प्रयोगात्मक शिक्षण सिकाइ र ‘एक्स्पोजर’का लागि समुदायस्तरमा समेत परिचालित हुनुपर्ने भन्दै त्यस क्रममा सबै तहका अस्पतालसँग सहकार्य गरिने उहाँले बताउनुभयो ।

“विश्वविद्यालय भनेको निकै ठूलो संरचना हो । खासगरी चिकित्सा शिक्षामा सैद्धान्तिक र प्रयोगात्मक अभ्यासको निकै महत्व छ । त्यसैका लागि ऐनमा तीनै तहका अस्पतालसँग सहकार्य गर्ने व्यवस्था छ”, प्रा डा जोशीले भन्नुभयो, “हाल चार वटा अस्पतालसँग सहकार्य गर्छौं । भविष्यमा आवश्यकताअनुसार यहाँका सबै अस्पताल सँग सहकार्यको दायरा विस्तार हुन्छ ।” प्रादेशिक अस्पतालसँगको सहकार्यले विश्वविद्यालयमा शैया विस्तारमा कुनै अवरोध नहुने भन्दै यसले पठनपाठनमा थप सहजता प्रदान गर्ने उहाँले स्पष्ट पार्नुभयो । उपकुलपति प्रा डा जोशीले प्रादेशिक अस्पतालको शय्या देखाएर विश्वविद्यालयको आफ्नै शिक्षण अस्पतालमा शय्या विस्तारमा कुनै अवरोध हुन्छ कि भन्ने संशय नराख्न सबैलाई आग्रह गर्नुभयो ।

“कतिपयमा प्रादेशिक अस्पतालको शय्या देखाएर गेटामा शैया विस्तार हुँदैन कि भन्ने संशय पनि हुनसक्छ, तर अन्य अस्पतालसँग सहकार्य गर्ने हाम्रो आधारभूत पक्ष हो । यसले शिक्षण सिकाइको दायरालाई विस्तार गर्ने हो, यहाँ काम रोकिने भन्ने होइन”, उहाँले भन्नुभयो ।

सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय सम्बन्धमा व्यवस्था गरेको ऐन, २०८२ को दफा २० मा शिक्षण अस्पतालसम्बन्धी व्यवस्था छ । उक्त दफाको उपदफा २ विश्वविद्यालयले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहअन्तर्गत सञ्चालित अस्पतालसँग सम्झौता गरी त्यस्तो अस्पतालमा शैक्षिक कार्यक्रम सञ्चालन गर्न वा त्यस्तो अस्पताललाई शिक्षण अस्पतालका रूपमा उपयोग गर्नसक्ने उल्लेख छ ।

विश्वविद्यालय स्थापनार्थ गठित सङ्घर्ष समितिका संयोजक लोकराज पाण्डेले धेरै वर्षअघि गेटामा ३०० शय्याको अस्पताल सञ्चालन गर्ने निर्णय हालसम्म कार्यान्वयन नभएको अवस्थामा केही आशङ्का रहेको बताउनुभयो । आफूहरूको मुख्य माग शिक्षण कार्यसँगै विशिष्टीकृत अस्पताल सञ्चालन रहेकाले सोहीअनुसार दुवै काम एकसाथ अगाडि बढ्नुपर्ने उहाँको भनाइ छ ।

“हामी प्रदेश सरकारको निर्णयमा अविश्वास गरिहाल्दैनौं, तर यही बहाना देखाएर गेटामा पूर्ण शैयामा अस्पताल सञ्चालन गर्ने कुरा नरोकिओस् भन्ने हाम्रो धारणा हो । सोहीअनुसार काम हुनुपर्छ । अब थप अन्यौलता बढाउनुहुँदैन”, संयोजक पाण्डेले भन्नुभयो । विश्वविद्यालयमा यसै वर्षदेखि शैक्षिकसत्रदेखि एमबिबिएस (५० जना), बिएस्सी नर्सिङ (३० जना), बिएस्सी मेडिकल ल्याब टेक्नोलोजी (एमएलटी-२० जना) र बी अप्टोमेट्री (२० जना) कक्षा सञ्चालन गर्ने तयारी गरिएको छ । त्यसका लागि चिकित्सा शिक्षा आयोगमा आवेदनसमेत बुझाएर आवश्यक प्रक्रिया अगाडि बढाउनुका साथै ७५ प्रतिशत छात्रवृत्तिका लागि स्रोत सुनिश्चित भइसकेको छ । आयोगको टोलीले आगामी भदौमा स्थलगत अध्ययन गरी बाँकी प्रक्रिया अगाडि बढाउने विषयमा आवश्यक निर्णय दिने जनाइएको छ ।

## महिनावारी स्वास्थ्य शिक्षालाई नीतिगत प्रबन्ध गर्न माग

काठमाडौं । प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति डा ओजस्वी शेरचनसमक्ष विद्यालय शिक्षा प्रणालीमा महिनावारी स्वास्थ्य शिक्षालाई संस्थागत रूपमा सुदृढ गर्न माग गरिएको छ ।

समितिका सभापति डा शेरचनलाई ग्लोबल एक्सन नेपाल (ज्ञान) का कार्यकारी निर्देशक बाबुकाजी श्रेष्ठसहितको टोलीले बिहीबार सिंहदरबारमा बुझाएको १० बुँदे ज्ञापनपत्रमा विद्यालय शिक्षामा महिनावारी स्वास्थ्य शिक्षा राष्ट्रिय पाठ्यक्रममा समावेश भए पनि यसको प्रभावकारी कार्यान्वयनमा नीतिगत, संरचनागत तथा व्यवहारगत चुनौती रहेको उल्लेख गरिएको हो ।

यही साउन १५ गते ललितपुरमा आयोजित ‘महिनावारी स्वास्थ्य तथा विद्यालय शिक्षा प्रणालीमा महिनावारी शिक्षा स्रोत सामग्री एकीकरणसम्बन्धी नीति संवाद’बाट प्राप्त निष्कर्षका आधारमा ज्ञापनपत्रमा दिइएको हो । सभापति डा शेरचनले सुझाव र ज्ञापनपत्रलाई कार्यान्वयनका लागि सम्बन्धित उपसमितिमा छलफल गरेर कार्यान्वयनका लागि पहल गर्ने आश्वासन दिनुभयो ।

शिक्षकको सीमित क्षमता, गुणस्तरीय शैक्षिक सामग्रीको अभाव, अपाङ्गतामैत्री स्रोत सामग्रीको कमी, विद्यालयमा खानेपानी तथा सरसफाइ पूर्वाधारको अभाव, सामाजिक कलङ्क तथा कमजोर कार्यान्वयन संयन्त्रलाई प्रमुख चुनौतीका रूपमा औँल्याइएको छ । ज्ञापनपत्रमा महिनावारी शिक्षा स्रोत सामग्रीलाई विद्यालय शिक्षा प्रणालीमा औपचारिक रूपमा एकीकरण गर्न, सेवापूर्व तथा सेवाकालीन शिक्षक तालिममा महिनावारी स्वास्थ्य शिक्षालाई अनिवार्य बनाउन तथा कक्षा ९ देखि १२ सम्म स्वास्थ्य तथा शारीरिक शिक्षालाई अनिवार्य विषयका रूपमा अध्यापन गराउन माग गरिएको छ ।

त्यसैगरी प्रत्येक विद्यालयमा सुरक्षित शौचालय, स्वच्छ खानेपानी, साबुन, आपतकालीन महिनावारी सामग्री र फोहर व्यवस्थापन प्रणालीसहित न्यूनतम महिनावारी स्वास्थ्य मापदण्ड लागू गर्न, विद्यालय नर्स कार्यक्रम विस्तार तथा अपाङ्गतामैत्री शैक्षिक सामग्री विकास गर्नुपर्ने आवश्यकता औँल्याइएको छ ।

ज्ञापनपत्रमा पहिलो महिनावारीदेखि रजोनिवृत्तिसम्मका विषय समेटेर जीवनचक्रमा आधारित प्रजनन तथा महिनावारी स्वास्थ्य शिक्षाको व्यवस्था गर्न, सम्मानजनक महिनावारीसम्बन्धी प्रस्ताव कार्यान्वयन गर्न तथा पुनःप्रयोगयोग्य सेनिटरी प्याडका लागि राष्ट्रिय गुणस्तर मापदण्ड तयार गर्न पनि आग्रह गरिएको छ । यस्तै, ‘सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६’ को पुनरावलोकन, छाउपडी प्रथा उन्मूलन निर्देशिकामा संशोधन, स्थानीय महिला समूहमार्फत वातावरणमैत्री महिनावारी सामग्री उत्पादन प्रवर्द्धन, गुणस्तरीय सामग्रीमा कर सहुलियत तथा सार्वजनिक खरिद प्रणालीमा पुनःप्रयोगयोग्य सामग्री समावेश गर्नुपर्ने माग पनि गरिएको छ । ज्ञापनपत्रमा सङ्घ, प्रदेश र स्थानीय तहका बजेटमा महिनावारी स्वास्थ्य शिक्षा तथा व्यवस्थापनका लागि छुट्टै बजेट विनियोजन गर्न, स्थानीय सरकारको योजना तथा कार्यक्रममा यसलाई समावेश गर्न तथा सामाजिक परीक्षण र नागरिक सहभागितामा आधारित अनुगमन प्रणाली विकास गर्नुपर्नेछ ।

## दिगो शान्ति र विकासको आवश्यकतामा जोड

काठमाडौं । विश्व शान्ति र आर्थिक समृद्धिका लागि दिगो शान्ति, निःशस्त्रीकरण र विकासको आवश्यकतामा जोड दिइएको छ । ८१औँ हिरोसिमा दिवस र नेपाल जापान कूटनीतिक सम्बन्ध स्थापनाको ७०औँ वर्षका अवसरमा हिरोसिमा युनिभर्सिटी स्कोलर्स एल्मुनाई नेपाल (हिउसान) र प्राकृतिक स्रोत द्वन्द्व रुपान्तरण केन्द्र नेपालद्वारा बिहीबार आयोजित कार्यक्रमका वक्ताहरूले विश्वमा भइरहेका भू-राजनीतिक तनाव, युद्ध र आणविक शक्तिराष्ट्रहरू बीचको भिडन्तले मानव सभ्यतालाई पुनः जोखिममा पार्नसक्ने भन्दै चिन्ता व्यक्त गर्नुभयो ।

सन् १९४५ अगष्ट ६ का दिन जापानको हिरोसिमा सहरमा खसालिएको आणविक बमबारीले भएको भन्दै सहभागीहरूले दिगो शान्ति, निःशस्त्रीकरण र विकासको आवश्यकतामा जोड दिनुभयो । नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नाष्ट)का उपकुलपति प्रा डा जनार्दन लामिछानेले हिरोसिमा दिवसले विश्व समुदायलाई युद्ध होइन शान्ति र विनास होइन विकास चाहिन्छ भन्ने सन्देश दिएको बताउनुभयो ।

काठमाडौं विश्वविद्यालयका डीन प्रा मनिष पोखरेलले वर्तमान समयमा पनि विश्वयुद्धको त्रासदीपूर्ण अवस्थाबाट विश्वसमुदाय मुक्त हुन नसकेको भन्दै यसले मानव सभ्यतामाथि गम्भीर प्रश्नचिन्ह उत्पन्न गरेको धारणा राख्नुभयो ।

## राष्ट्रियता सतर्कता केन्द्रको अनुगमनः आठ हजारभन्दा बढी कर्मचारी कारबाहीमा

काठमाडौं । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयअन्तर्गत रहेको राष्ट्रिय सतर्कता केन्द्रले देशमा सुशासन कायम गर्न र सेवा प्रवाहमा सुधार ल्याउन अनुगमनलाई तीव्र बनाएको छ ।

केन्द्रले प्रधानमन्त्री बालेन्द्र शाहको नेतृत्वमा सरकार गठन भएयता ८५३ सरकारी कार्यालयको अनुगमन गरी आचारसंहिता पालना नगर्ने आठ हजार ८३० कर्मचारीलाई कारबाही गर्न अख्तियारवालालाई निर्देशन दिएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । यस्तै, केन्द्रले राष्ट्रिय योजनाको प्राविधिक परीक्षण, सेवा प्रवाहमा ढिलासुस्ती रोक्न ‘फाइल ट्र्याकिङ’, सेवाग्राही सन्तुष्टि सर्वेक्षणलगायत काम पनि गरिरहेको छ ।

केन्द्रलाई थप अधिकारसम्पन्न बनाउन ‘सतर्कता ऐन’ तर्जुमा गर्ने काम अन्तिम चरणमा पुगेको छ । आगामी दिनमा प्रविधिको प्रयोग बढाउँदै प्रदेश, जिल्ला र स्थानीय तहसम्मै सतर्कता अधिकृतको व्यवस्था गरी नियमन प्रणालीलाई देशैभर व्यापक र बलियो बनाइने जनाएको छ ।

## रेड नोटिस जारी भएका फरार व्यक्ति पक्राउ

काठमाडौं । ज्यानसम्बन्धी कसुर (कर्तव्य ज्यान) मुद्दामा इन्टरपोलबाट रेड नोटिस जारी भएका फरार प्रतिवादी तनहुँ ऋषिङ गाउँपालिका-४ ठेगाना भएका अम्मरसिं नेपाली बुधबार राति पक्राउ परेका छन् ।

साउदी अरबबाट नेपाल आगमन हुने क्रममा निजलाई त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट पक्राउ गरिएको हो ।

अम्मरसमेत भएको ज्यानसम्बन्धी कसुरको अनुसन्धानको सिलसिलामा वारदात पश्चात् फरार रहेका उनलाई अन्तराष्ट्रिय स्तरमा खोजतलास गरी पक्राउ गर्नका लागि एनसिबि काठमाडौंको अनुरोधमा इन्टरपोल महासचिवालयबाट विसं २०८१ जेठ २४ गते उनीविरूद्ध रेड नोटिस जारी भएको थियो ।

निजलाई आवश्यक अनुसन्धान एवं कारवाहीका लागि जिल्ला प्रहरी कार्यालय चितवन पठाइने नेपाल प्रहरी प्रधान कार्यालय इन्टरपोल शाखाले जनाएको छ ।

## कांग्रेस विवादको फैसलामाथि पुनरावलोकन हुने

काठमाडौं । सर्वोच्च अदालतले नेपाली कांग्रेसको आधिकारिकता विवादमा यसअघि गरेको फैसलामाथि पुनरावलोकन गर्न अनुमति हुने आदेश दिएको छ ।

प्रधानन्यायाधीश डा मनोजकुमार शर्मा, न्यायाधीशहरू नित्यानन्द पाण्डेय र श्रीकान्त पौडेलको पूर्ण इजलासले बिहीबार यसअघि गरेको फैसला पुनरवलोकन गर्न अनुमति हुने आदेश दिएको हो । अदालतको सो आदेशसँगै कांग्रेसको आधिकारिता विवादको फैसलामाथि पुनरावलोकन हुने भएको हो ।

कांग्रेसका तत्कालीन सभापति शेरबहादुर देउवा र कार्यवाहक सभापति पूर्णबहादुर खड्काले सर्वोच्च अदालतमा पुनरावलोकन गर्न माग गर्दै निवेदन दिनुभएको थियो । अदालतले पुनरावलोकन गर्न ‘निस्सा’ (अनुमति) प्रदान गरेको हो ।

यसअघि, न्यायाधीशहरू सारङ्गा सुवेदी र नृपध्वज निरौलाको इजलासले गत वैशाख ४ गते विशेष महाधिवेशनबाट चुनिएका सभापति गगनकुमार थापाको कार्यसमितिलाई मान्यता दिएको थियो ।

## एक हजार १७३ सवारीसाधन कारबाहीमा

काठमाडौं । काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले पछिल्लो २४ घण्टामा विभिन्न ट्राफिक नियम उल्लङ्घन गर्ने एक हजार १७३ सवारीसाधनमाथि कारबाही गरेको छ । कार्यालयका अनुसार अन्य कसुरमा ८०४ सवारी कारबाहीमा परेका छन् ।

त्यसपछि सिसिटिभीमार्फत ८०, रेड लाइट उल्लङ्घनमा ५५, लेन मिच्ने ४४, हर्नको दुरुपयोग गर्ने ४१, वनवे उल्लङ्घन गर्ने ३५, अवस्था ठीक नभएका १८, तीव्र गतिमा चलाएका १० र मादक पदार्थ सेवन (मापसे) गरेर सवारी चलाएका छ जनामाथि कारबाही गरिएको कार्यालयले जनाएको छ । काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक सुरेशप्रसाद काफ्लेले ट्राफिक प्रहरीले सडक अनुशासन कायम गर्न नियमित निगरानी, सिसिटिभीमार्फत अनुगमन तथा चेकिङलाई थप प्रभावकारी बनाइएको जानकारी दिनुभयो ।

सो क्रममा उहाँले चालकलाई ट्राफिक नियमको पूर्ण पालना गर्न, तोकिएको लेन प्रयोग गर्न, रेड लाइट उल्लङ्घन नगर्न तथा सुरक्षित र जिम्मेवार ढङ्गले सवारी सञ्चालन गर्न आग्रह गर्नुभयो ।

## आमसञ्चारसम्बन्धी तीन प्रमुख ऐनलाई एकीकृत गरी नयाँ विधेयक तर्जुमा तयारी

काठमाडौं । सूचना तथा सञ्चार मन्त्रालयले आमसञ्चार क्षेत्रलाई समयानुकूल, एकीकृत र उत्तरदायी बनाउने उद्देश्यसहित राष्ट्रिय आमसञ्चार विधेयक तर्जुमा गर्न तयार पारिएको अवधारणापत्र सार्वजनिक गरेको छ । मन्त्रालयले चालु आर्थिक वर्षभित्रै उक्त विधेयक संसदमा दर्ता गर्ने लक्ष्यका साथ आवश्यक तयारी अघि बढाइरहेको जनाएको छ ।

सार्वजनिक गरिएको अवधारणापत्रमा संविधानले सुनिश्चित गरेको विचार तथा अभिव्यक्तिको स्वतन्त्रता, सञ्चारको हक र सूचनाको हकलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै सूचना प्रविधिको तीव्र विकास, डिजिटल तथा अनलाइन सञ्चारमाध्यमको विस्तार र प्रसारण क्षेत्रको विविधीकरणलाई सम्बोधन गर्न नयाँ एकीकृत कानुन आवश्यक भएको उल्लेख गरिएको छ । त्यसका लागि हाल प्रचलनमा रहेका छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन, २०४८, राष्ट्रिय प्रसारण ऐन, २०४९ र श्रमजीवी पत्रकार सम्बन्धी ऐन, २०५१ लाई प्रतिस्थापन गर्दै एउटै छाता कानुन ल्याउने प्रस्ताव गरिएको छ । मन्त्रालयका अनुसार यी ऐनलाई सामान्य संशोधन गरेर मात्रै अहिलेको आवश्यकता पूरा गर्न सम्भव नभएकाले नयाँ एकीकृत कानुन आवश्यक भएको हो ।

नयाँ ऐनमार्फत आमसञ्चार क्षेत्रलाई स्वच्छ, स्वतन्त्र, पारदर्शी, मर्यादित र व्यावसायिक बनाउँदै लोकतान्त्रिक शासन व्यवस्थालाई थप सुदृढ गर्ने लक्ष्य राखिएको छ । साथै सञ्चार संस्थाको संस्थागत विकास, उत्तरदायित्व, सुशासन र श्रमजीवी पत्रकारको हक, हित, सेवा, सुविधा तथा सुरक्षालाई समयानुकूल कानुनी आधार प्रदान गरिने जनाइएको छ । आमसञ्चारमाध्यमको अभिलेखीकरण, इजाजत, नियमन, संस्थागत विकास, टेलिभिजन सिग्नल उत्पादन तथा वितरण, अनुमति, नवीकरण, प्राविधिक अनुगमनलगायतका विषयलाई एउटै कानुनी ढाँचाभित्र समेट्ने गरि विधेयक तर्जुमाको तयारी मन्त्रालयले गरिरहेको छ । यसबाट सञ्चार क्षेत्रको पछिल्लो विकास र प्रविधिगत परिवर्तनलाई कानुनी रूपमा सम्बोधन गर्न सहज हुने ठानिएको छ ।

## बेवारिसे बिरामीको रगत शुल्क नेरेसो काठमाडौँ शाखाले ब्यहोर्ने



काठमाडौँ । बेवारिसे बिरामीका लागि आवश्यकपर्ने रगत एवं रगतजन्य पदार्थको आवश्यक शुल्क नेपाल रेडक्रस सोसाइटी काठमाडौँ शाखाले व्यहोर्ने भएको छ ।

राष्ट्रिय ट्रमा सेन्टरमा आज ट्रमा सेन्टरका तर्फबाट प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा रुद्रप्रसाद मरासिनी, नेरेसो काठमाडौँ जिल्ला शाखाको तर्फबाट सभापति श्यामकाजी डोटेल र केन्द्रीय रक्तसञ्चार सेवाका तर्फबाट निर्देशक पवनकुमार गुप्ताले सो विषयमा हस्ताक्षर गर्नुभएको थियो ।

विगत १८ महिनादेखि मौखिक माग र सहमतिमा नेरेसो काठमाडौँ जिल्लाशाखाले त्यस्तो रगतको भुक्तानी केन्द्रीय रक्तसञ्चार सेवालाई उपलब्ध गराउँदै आएकामा चालु आर्थिक वर्ष २०८३/८४ देखि संस्थागत गर्न यो सम्झौता भएको हो । लालविक्रम थापाको उपस्थितिमा सम्पन्न उक्त सम्झौताको अवधि विसं २०८४ असार मसान्तसम्म कायम रहनेछ । सम्झौतामा नेरेसो काठमाडौँ जिल्ला शाखाका मन्त्री वृद्धिमान शाक्य, कोषाध्यक्ष लक्ष्मीरत्न तुलाधर, केन्द्रीय रक्तसञ्चार सेवाका उपनिर्देशक प्रकाश कुमार यादव, जनसम्पर्क अधिकृत सन्देश थापा, ट्रमा सेन्टर सामाजिक सेवा विभाग प्रमुख इन्दिरा पाण्डेलगायत ट्रमा सेन्टरका विभिन्न विभागीय प्रमुखको उपस्थिति थियो ।

## लक्षित वर्गका बिरामीलाई निःशुल्क उपचार गर्न फोकल पर्सन

काठमाडौँ । स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले लक्षित वर्गका नागरिकलाई उपलब्ध गराइने निःशुल्क उपचार सेवाको प्रभावकारी कार्यान्वयनका लागि डा नवराज जोशीलाई सम्पर्क व्यक्ति (फोकल पर्सन) तोकेको छ ।

मन्त्रालयले बिहीबार सूचना जारी गर्दै 'लक्षित वर्ग निःशुल्क उपचार पोर्टल (सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३' अनुसार विभिन्न अस्पतालसँग सूचना आदानप्रदान, उपचारसम्बन्धी समन्वय तथा सेवा सहजीकरणका लागि डा जोशीलाई फोकल पर्सनको जिम्मेवारी दिइएको जनाएको हो ।

सेवा प्रवाहसँग सम्बन्धित समन्वय, सूचना आदानप्रदान तथा उपचारसम्बन्धी सहजीकरणका लागि ९८५१४६००३७ नम्बरमा सम्पर्क गर्न मन्त्रालयले आग्रह गरेको छ । यस व्यवस्थाले लक्षित वर्गलाई उपलब्ध गराइने १० प्रतिशत निःशुल्क शय्या सेवा तथा विपन्न नागरिक उपचार सहायता कार्यक्रमलाई थप प्रभावकारी बनाउने अपेक्षा गरिएको मन्त्रालयले जनाएको छ ।

कार्यविधिअनुसार प्रचलित कानुनबमोजिम सञ्चालनमा रहेका सबै अस्पतालले आफ्नो स्वीकृत कुल शय्याको कम्तीमा १० प्रतिशत लक्षित वर्गका बिरामीको निःशुल्क उपचारका लागि अनिवार्य रूपमा छुट्याउनुपर्ने व्यवस्था छ । त्यस्ता शय्यामा भर्ना भएका बिरामीलाई सःशुल्क उपचार गराइरहेका बिरामीसरह कुनै भेद्भाव नगरी सम्पूर्ण स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउनुपर्ने उल्लेख गरिएको छ । अस्पतालले शय्या, चिकित्सक परामर्श, शल्यक्रिया, प्रयोगशाला परीक्षण तथा उपचारका लागि आवश्यक औषधिलगायत कुनै पनि सेवामा शुल्क लिन नपाइने व्यवस्था गरिएको छ । कार्यविधिले आवश्यकता अनुसार बहिरङ्ग (ओपिडी) सेवामा समेत कम्तीमा १० प्रतिशत बिरामीलाई निःशुल्क सेवा उपलब्ध गराउन सकिने व्यवस्था गरेको छ । निःशुल्क उपचार प्राप्त गर्न नेपाल सरकारले वितरण गरेको विपन्न परिचयपत्र, सम्बन्धित स्थानीय तहको विपन्न वा असहाय भएको सिफारिस, बेवारिसे बिरामीका हकमा नेपाल प्रहरी वा स्थानीय प्रशासनको मुचुल्का वा सिफारिस मध्ये कुनै एक प्रमाण पेस गर्नुपर्ने व्यवस्था छ । आवश्यक कागजात तत्काल उपलब्ध नभए स्वघोषणा फारामका आधारमा उपचार गर्न सकिने र अस्पतालबाट डिस्चार्ज हुनुअघि आवश्यक प्रमाण पेस गर्नुपर्ने कार्यविधिमा व्यवस्था गरिएको डा जोशीले जानकारी दिनुभयो । उहाँका अनुसार त्यसबेला पनि प्रमाण उपलब्ध नभए सम्बन्धित स्थानीय प्रशासन वा प्रहरी कार्यालयको सिफारिस तथा मुचुल्काका आधारमा प्रक्रिया टुङ्ग्याउन सकिने व्यवस्था गरिएको छ ।

## मन्त्रीको उपस्थितिमा किसानका गुनासाः तत्काल सुधार चाहियो

काठमाडौँ । नुवाकोट, धादिङ, काभ्रे पलाञ्चोक लगायत जिल्लाका किसानले भोगिरहेका समस्या, कृषि उत्पादनको बजार व्यवस्थापन, रासायनिक मल आपूर्ति तथा वितरण, कृषि पूर्वाधार र विषयमा विस्तृत छलफल भएको छ ।

कृषि वन तथा पर्यावरण मन्त्रालयमा बिहीबार भएको छलफलमा सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिना, कृषि, वन तथा पर्यावरणमन्त्री गिता चौधरी, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरी कुमारीसहित सांसदहरु तथा किसानका प्रतिनिधिहरू सहभागी हुनुभएको थियो । कार्यक्रममा नुवाकोट, धादिङ र काभ्रेपलाञ्चोकका किसान तथा सरोकारवालाले आफूहरूले भोगिरहेका समस्या राख्नुभएको थियो ।

नुवाकोट क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्य एवं सञ्चारमन्त्री डा तिमिल्सिनाले निर्वाचनका क्रममा किसानका समस्या समाधान गर्ने प्रतिबद्धता गरिएको स्मरण गर्नुहुँदै अहिले सरकारले त्यसअनुसार काम गरिरहेको छ भन्ने जानकारी किसानलाई दिनु पनि जनप्रतिनिधिको दायित्व भएको बताउनु भयो । उहाँले आफ्नो निर्वाचन क्षेत्र नुवाकोटबाट पनि किसानका धेरै गुनासा आउने गरेको उल्लेख गर्दै समस्या समाधानका लागि निरन्तर कृषि मन्त्रालयसँग समन्वय हुने गरेको बताउनुभयो । "किसानका समस्या सुन्ने र समाधानका लागि पहल गर्ने विषयलाई मैले जनप्रतिनिधिका रूपमा गम्भीरतापूर्वक लिएको छु । सरकारले पनि यी कुरालाई प्राथमिकतामा राखेर काम गरिरहेको छ । अन्तरमन्त्रालय समन्वय पनि राम्रोसँग भइरहेकाले यी समस्या लामो समयसम्म रहँदैनन्", सञ्चारमन्त्री डा तिमिल्सिनाले भन्नुभयो ।

सञ्चारमन्त्री डा तिमिल्सिनाले नागरिकलाई तत्काल परिणाम चाहिएको उल्लेख गर्दै अहिलेका समस्यालाई दुई-चार वर्षपछि समाधान गर्ने मानसिकता सरकारको नभएकोसमेत स्पष्ट पार्नुभयो । मल अभावजस्ता समस्या दोहोरिन नदिने जिम्मेवारी सरकारकै भएको उल्लेख गर्दै उहाँले अहिलेको समस्या पनि तत्काल सुल्झाउन आवश्यक कदम चाल्ने र किसानका गुनासा सुन्न जनप्रतिनिधिका रुपमा सदैव तयार रहेको बताउनुभयो ।

सो कार्यक्रममा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरी कुमारीले कतिपय उद्योगलाई आवश्यक कृषिउपज पर्याप्त नपाउने तर अर्कोतर्फ किसानले उत्पादन बिक्री गर्न नसक्ने अवस्था रहेको बताउँदै माग र आपूर्तिको सही आँकलन तथा व्यवस्थापन हुनसके उत्पादन खेर जाने तथा अभाव हुने दुवै समस्या अन्त्य गर्न सकिने बताउनुभयो ।

कृषि, वन तथा पर्यावरणमन्त्री गिता चौधरीले किसानका समस्या समाधान सरकारको उच्च प्राथमिकतामा रहेको बताउँदै रासायनिक मलको कोटा निर्धारण प्रणाली पुनरावलोकन गर्ने तयारी भइरहेको जानकारी दिनुभयो । उहाँका अनुसार विभिन्न १२ वटा तरकारी बजारको दैनिक मूल्य एकीकृत रूपमा जानकारी दिने सूचना प्रणाली सञ्चालनमा ल्याइएको छ । भूमि बैंकसम्बन्धी कार्यविधि निर्माणको चरणमा रहेको, मल वितरणलाई थप पारदर्शी बनाउने, शीतभण्डारलाई प्रभावकारी रूपमा सञ्चालन गरिने तथा थप कृषि सडक निर्माणका लागि पहल भइरहेको पनि उहाँले बताउनुभयो ।

कृषिमन्त्री चौधरीले कुनकुन स्थानमा कृषि बजार स्थापना गर्न सकिन्छ भन्ने विषयमा मन्त्रालयले आन्तरिक तयारी गरिरहेको उल्लेख गर्दै चालु आवमा किसानलाई बजार सुनिश्चितता, वन क्षेत्र व्यवस्थापन सुधार तथा कृषि क्षेत्रको दीर्घकालीन विकासका योजना कार्यान्वयन गरिने बताउनुभयो ।

आवश्यकता पहिचानका आधारमा मलको कोटा निर्धारण प्रणाली पुनरावलोकन गर्ने तयारी भइरहेको जनाएको छ । त्यस्तै, बजार मूल्य र बिक्रीवितरण व्यवस्थापनमा कमजोरी रहेको स्वीकार गर्दै बजार पूर्वाधार विस्तार, शीतभण्डार निर्माणलाई प्राथमिकता दिइएको तथा शीतभण्डार निर्माणका लागि आवश्यक सामग्री आयात गर्दा भन्सार छुटको व्यवस्था गरिएको जानकारी मन्त्रालयले दिएको छ । हरेक पालिकामा 'कृषि एम्बुलेन्स'को अवधारणा कार्यान्वयन गर्ने तयारी भइरहेको तथा कृषिउपज ढुवानी गर्ने सवारीसाधनलाई छुट्टै रङ र प्रकारको नम्बर प्लेट उपलब्ध गराउने प्रक्रिया पनि अघि बढाइएको मन्त्रालयले जनाएको छ ।

## करिब ६४७ किलो गाँजासहित दुई जना पक्राउ

काठमाडौँ । धनकुटाको साँगुरीगढी गाउँपालिका-६ भेडेटार चोकबाट अवैध लागुऔषध गाँजा करिब ६४७ किलोसहित दुई जनालाई बिहीबार बिहान प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा मकवानपुरको कैलाश गाउँपालिका-३ बस्ने २७ वर्षीय उमेश थिङ तामाङ र धनकुटा शहिदभूमि गाउँपालिका-१ बस्ने ३६ वर्षीय तुलाराम राई रहेका छन् । इलाका प्रहरी कार्यालय भेडेटारबाट खटिएको प्रहरीले विराटनगरतर्फ जाँदै गरेको ना ३ ख ५०९५ नम्बरको ट्रकलाई जाँच गर्दा लुकाईछिपाई ल्याइएको ४८ वटा पोकामा रहेको उक्त परिमाणको गाँजा फेला पारी चालक उमेश र सहचालक तुलारामलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## समावेशी युवा खेलकुद क्लब गठन

काठमाडौँ । नेत्रहीन क्रिकेट सङ्घ नेपालको पहलमा काठमाडौँमा अपाङ्गता भएका युवाको खेलकुद सहभागिता अभिवृद्धि गर्ने उद्देश्यसहित सामुदायिक-आधारित समावेशी युवा खेलकुद क्लब गठन गरिएको छ ।

क्लबले फरक क्षमता भएका युवासम्म खेलकुदको पहुँच विस्तार गर्दै उनीहरूलाई विभिन्न खेल गतिविधिमा सक्रिय रूपमा सहभागी गराउने लक्ष्य लिएको जनाएको छ । साथै, खेल मैदानभित्र र बाहिर समावेशी, समान अवसरयुक्त तथा सहयोगी समुदाय निर्माणमा पनि क्लबले विशेष जोड दिने बताइएको छ ।

क्लबका प्रतिनिधिहरूका अनुसार यस पहलले फरक क्षमता भएका युवाको प्रतिभा विकास, आत्मविश्वास अभिवृद्धि तथा सामाजिक समावेशीकरणमा महत्वपूर्ण योगदान पुर्‍याउने विश्वास लिइएको छ । क्लबले आगामी दिनमा विभिन्न समावेशी खेल कार्यक्रम, प्रशिक्षण, जनचेतनामूलक गतिविधि तथा समुदायसँगको सहकार्य मार्फत अपाङ्गता भएका युवाको खेलकुद विकासलाई थप प्रभावकारी बनाउने योजना रहेको जनाएको छ । साथै, खेलाडीहरूको उज्ज्वल भविष्य निर्माणका लागि सबैलाई यस अभियानमा साथ दिन पनि आह्वान गरिएको छ ।

## वैदेशिक रोजगारी भन्दै ठगी गर्ने चार जना पक्राउ

काठमाडौँ । वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी विभिन्न देश पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा चार जनालाई प्रहरीले पक्राउ गरेको छ ।

काठमाडौँ महानगरपालिका-४ बस्ने नुवाकोट घर भएका ४१ वर्षीय मनोहर मुडभरी, काठमाडौँ-१४ बस्ने बाजुरा घर भएका २६ वर्षीय अनिल मल्ल, काठमाडौँ टोखा नगरपालिका-१० बस्ने कास्कीकी ३४ वर्षीया कमला पौडेल सुनार र काठमाडौँ-९ बस्ने पाँचथरका ४१ वर्षीय तुलसीराम ढुङ्गेल पक्राउ परेका नेपाल प्रहरीको केन्द्रीय समाचार कक्षले जनाएको छ । पक्राउ परेकामध्ये मनोहरले मौरिसस पठाइदिन्छु भन्दै एक जना पीडितबाट रु तीन लाख ५० हजार, अनिलले कम्बोडिया पठाइदिन्छु भन्दै एक जनाबाट रु आठ लाख ८४ हजार, कमलाले रोमानिया पठाइदिन्छु भन्दै एक जनाबाट रु छ लाख र तुलसीरामले युएई पठाइदिन्छु भन्दै एक जनाबाट रु छ लाख लिई सम्पर्कविहीन भएको भन्ने उजुरीका आधारमा काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरी सार्वजनिक गरेको हो ।

सो क्रममा मनोहरलाई ललितपुर महानगरपालिका-३ बाट मङ्गलबार, अनिललाई काठमाडौँ महानगरपालिका-११ बाट, कमलालाई काठमाडौँ महानगर पालिका-२६ बाट र तुलसीरामलाई काठमाडौँ महानगरपालिका-९ बाट बुधबार पक्राउ गरिएको हो । उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौँ पठाइएको छ ।

## सेवा प्रवाहलाई चुस्त, पारदर्शी र नागरिकमैत्री बनाउनुपर्ने

गण्डकी । पोखरा महानगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रगति समीक्षा सुरु भएको छ । बिहीबार महानगर पालिकाअन्तर्गत वडा कार्यालयको वार्षिक प्रगतिको समीक्षा गरिएको हो ।

सोक्रममा महानगरप्रमुख धनराज आचार्यले सेवा प्रवाहलाई चुस्त, पारदर्शी र नागरिकमैत्री बनाउँदै विकास निर्माणको अभियानलाई थप तीव्रता दिनुपर्नेमा जोड दिनुभयो । उहाँले वडा कार्यालय नागरिकसँग प्रत्यक्ष जोडिने सरकारका निकाय भएकाले सेवा प्रवाहमा प्रभावकारिता, जवाफदेहिता र परिणाममुखी कार्यसम्पादन गर्न वडा सचिवलाई निर्देशन दिनुभयो ।

उपप्रमुख मञ्जुदेवी गुरुङले वडा कार्यालयको सेवा प्रवाहलाई थप सशक्त बनाउँदै सुशासन प्रवर्द्धन र नतिजामुखी कार्यसम्पादनमा जोड दिनुभयो । समीक्षा कार्यक्रममा वडा सचिवले गत आवमा वडाबाट सम्पादन भएका विकास निर्माण, सेवा प्रवाह, प्रशासनिककार्य तथा अन्य कार्यक्रमको प्रगति विवरण प्रस्तुत गरेका थिए । कार्यक्रममा गत आवमा हासिल भएका उपलब्धि, कार्यसम्पादनमा देखिएका समस्या तथा आगामी कार्यदिशाबारे छलफल गरिएको महानगरपालिकाले जनाएको छ । शुक्रबार महानगरपालिकाका विभिन्न महाशाखाको प्रगति समीक्षा गरिने भएको छ ।

## ग्यासको कृत्रिम अभाव सिर्जना गर्नेलाई कारबाही हुने

बागमती । जिल्ला प्रशासन कार्यालय, मकवानपुरले एलपी ग्यासको कृत्रिम अभाव सिर्जना गर्नेलाई प्रचलित कानुनबमोजिम कारबाही गर्ने भएको छ ।

केही व्यक्तिले आवश्यकताभन्दा बढी एलपी ग्यास सञ्चय गरी कृत्रिम अभाव सिर्जना गरेको सूचनाका आधारमा प्रशासनले कानुनी कारबाही गर्न लागेको हो । सहायक प्रमुख जिल्ला अधिकारी मोहनराज जोशीले बिहीबार सूचना प्रकाशन गर्दै घरायसी आवश्यकताभन्दा धेरै एलपी ग्यास सञ्चय गरी कृत्रिम अभाव सिर्जना गरेको पाइएमा बिहीबार टाक्स फोर्सको मोबाइल नं ९७४४६३७७७७ मा फोन गर्न वा ह्वाट्स एपमा सन्देश पठाउन सर्वसाधारणलाई आग्रह गर्नुभएको छ । जिल्ला प्रशासन कार्यालय, मकवानपुर, हेटौँडा उपमहानगर पालिका, उद्योग वाणिज्य सङ्घ, उपभोक्ता हकहित संरक्षण मञ्च तथा ग्यास डिलर एशोसिएसनका प्रतिनिधि सम्मिलित टाक्स फोर्स गठन भई बजार आजैदेखि बजार अनुगमन गर्ने निर्णय भएको छ ।

प्रत्युष नेटवर्क प्रा.लि द्धारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com